# बोगटान फुड्सिल गाउँपालिका

## सडक मर्मत तथा स्तरोन्नति कार्यक्रमलाई नियमित र व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०७६

खण्ड : २ संख्या : ८ मिति : २०७६/०८/१२

भाग २ बोगटान फुड्सिल गाउँपालिका

**सडक मर्मत तथा स्तरोन्नति कार्यक्रमलाई नियमित र व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०७६**

**प्रस्तावनाः**

बोगटान फुड्सिल गाउंपालिकाको आ.व. २०७६।०७७ को स्वीकृत कार्यक्रम सडक मर्मत तथा स्तरोन्नति कार्यक्रम अन्तर्गत गाउंपालिकाभित्रका शाखा सडकहरुको नियमित मर्मत सम्भार गर्न सडक मर्मत सम्भार समूह (RMG) लगाई मर्मत सम्भार कार्य नियमित रुपमा गर्न गराउन वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम बोगटान फुड्सिल गाउंपालिकाले यो कार्यविधि जारी गरी लागू गरेको छ ।

**परिच्छेद एक**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम सडक मर्मत तथा स्तरोन्नतिलाई नियमित र व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०७६ रहेको छ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

(क) कार्यालय भन्नाले बोगटान फुड्सिल गाउंकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(ख) कार्यक्रम भन्नाले सडक मर्मत तथा स्तरोन्नति कार्यक्रमलाई सम्झनुपर्छ ।

(ग) सडक मर्मत सम्भार समूह (RMG) भन्नाले नियमित रुपमा सडक मर्मत, सुधार गर्ने कामदारहरुको समूहलाई सम्झनुपर्छ ।

**परिच्छेद दुई**

**निर्देशक समिति गठन तथा परिचालन**

**३. निर्देशक समिति गठन सम्बन्धी व्यवस्थाः** (१) यस कार्यक्रमलाई नियमित र व्यवस्थित गर्न तपसिल बमोजिमको समिति रहने छ ।

(क) गाउँपालिकाको अध्यक्ष अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष उपाध्यक्ष

(ग) गाउँपालिका अध्यक्षले तोकेका गाउँ कार्यपालिकाका सदस्य मध्येबाट कम्तीमा एक।एक जना महिला र दलित पर्ने गरी चार जना सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत सदस्य सचिव

(२) आवश्यकता अनुसार विशेषज्ञ तथा प्राविधिकहरुलाई समितिमा आमन्त्रण गर्न सकिने छ ।

(३) निर्देशक समितिको काम, कर्तव्य र अधिकार

(क) कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक निर्देशन, समन्वय, सल्लाह र सहयोग प्रदान गर्ने ।

(ख) सडक मर्मत सम्भार समूह (RMG) गठनका लागि व्यक्तिहरु छनौट गर्ने ।

(ग) मर्मत गर्नुपर्ने सडक पहिचान तथा कामदार संख्या निर्धारण गर्ने ।

(घ) कार्यक्रमको नियमित अनुगमन, निरीक्षण गर्ने ।

## परिच्छेद तीन

## सडक मर्मत सम्भार समूह (RMG) छनौट तथा गठन सम्बन्धी व्यवस्था

**४. सडक मर्मत सम्भार समूह (RMG) छनौट सम्बन्धी व्यवस्थाः** (१) सडक नजिकै बसोबास गर्ने १८ देखि ५५ वर्ष सम्मका व्यक्तिहरु मध्येबाट वडाले विपन्न, दलित, महिला, जनजाति पर्ने गरी दुई किमि बराबर एक जना कामदार हुने गरी नियम ३ बमोजिमको समिति समक्ष सिफारिस गरी पठाउने र सो सिफारिसका आधारमा निर्देशक समितिले सडक मर्मत सम्भार समूह (RMG) छनौट तथा गठन गर्नेछ ।

(२) सडक मर्मत सम्भार समूह (RMG) ले गर्नुपर्ने काम

(क) महिनाको तेह्र दिन सडकमा काम गर्ने ।

(ख) सडकको नियमित मर्मत सम्भार गर्ने ।

(ग) सडकको किनारमा वृक्षारोपण, पर्खाल निर्माण तथा जाली निर्माण सम्बन्धी काम गर्ने ।

(घ) कार्यालयको नियमित सम्पर्कमा रहने ।

## परिच्छेद चार

## सडक मर्मत सम्भार समूह (RMG) प्राप्त गर्ने सेवा सुविधा तथा भुक्तानी सम्बन्धी व्यवस्था

**५. सडक मर्मत सम्भार समूह (RMG) प्राप्त गर्ने सेवा सुविधा :** (१) सडक मर्मत सम्भार समूह (RMG) तपसिल बमोजिम सेवा सुविधा प्राप्त गर्ने छन् ।

(क) स्थानीय दररेट अनुसार अदक्ष कामदारले पाउने पारिश्रमिक बराबर दैनिक पारिश्रमिक (तेह्र दिनको पारिश्रमिक)

(ख) मर्मत सम्भार गर्न आवश्यक सामग्रीहरु ( कार्यालयले खरिद गरी दिनेछ ।)

(ग) व्यवस्थापन खर्च मासिक रुपमा समूहलाई दुई हजार (यसबाट समूहले सामग्री धार लगाउने, बिंड लगाउने, सुरक्षात्मक सामग्री खरिद गर्ने जस्ता कार्यमा खर्च गर्न सक्नेछन् )

**६. समूह परिचालन तथा भुक्तानी प्रक्रियाः** (१) कार्यालयले समूहसंग सम्झौता गरी समूहलाई काममा लगाउने छ ।

(२) समूहमा अध्यक्ष, सचिव, कोषध्यक्ष लगायत अन्य सदस्यहरु रहेको समूह गठन हुनेछ ।

(३) अध्यक्ष, सचिव, कोषध्यक्ष सहितको नाममा बैंकमा समूहको खाता खोल्नुपर्नेछ ।

(४) कार्यालयले समूहलाई जुनसुकै भुक्तानी दिंदा समूहको नाममा बैंक मार्फत दिनेछ ।

(५) समूहको अध्यक्षले सदस्यहरुको दैनिक हाजिरी लगाउने, कामदारलाई नियमित काममा लगाउने, कार्यालयमा मासिक रुपमा हाजिरी पठाउने, कार्यालयसंग समन्वय गर्ने समेत काम गर्नु पर्नेछ ।

(६) सडक मर्मत सम्भार समूह (RMG) ले गरेको कामको नियम ३ बमोजिमको समिति, सम्बन्धित वडा अध्यक्ष तथा कार्यालयका प्राविधिक एवं अन्य प्रतिनिधिले जुनसुकै बखत अनुगमन, निरीक्षण गर्नेछ । सो अनुगमनका क्रममा समूह तथा समूहका कुनै सदस्यको काम सन्तोष जनक नभएमा अनुगमनकर्ताको सिफारिसका आधारमा नियम ३ बमोजिमको समितिले जुनसुकै बखत पुरै समूह वा समूहका सदस्यलाई कामबाट हटाउन सक्नेछ ।

## परिच्छेद पांच

## विविध

**७.** यस कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न यसै कार्यक्रमबाट पाँच प्रतिशत व्यवस्थापन खर्च बापत कार्यालयले खर्च गर्नेछ ।

**८.** यस कार्यक्रमको प्रत्यक्ष अनुगमन, निरीक्षण तथा सहजीकरणका लागि दुई जना सम्म प्राविधिक कर्मचारी ज्यालादारीमा राख्न सकिनेछ ।

**९. बाधा अड्काउ फुकाउने अधिकारः** यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न गएमा वा यो कार्यविधिमा उल्लेख नभएको विषयका सम्बन्धमा कुनै व्यवस्था गर्न आवश्यक परेमा नियम ३ बमोजिमको समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**१०.** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।